
कानुनी साक्षरता शृंखला-1

# आँखा खुल्यो

## भारतीय नागरिकहरूको अधिकार एवं कर्तव्य




साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकाश मन्त्रालय
भारत सरकार

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

**ASSAM STATE LEGAL SERVICES AUTHORITY**
1ST FLOOR, GAUHATI HIGH COURT, OLD BLOCK
GUWAHATI - 781001, ASSAM
PHONE : 0361 - 2516367, FAX : 0361 - 2601543
অসম ৰাজ্যিক আইন সেৱা প্ৰাধিকাৰী
গুৱাহাটী - ৭৮১০০১

No. ASLSA-38/2014/60 | Dated: Guwahati the 29th April '2016

To
The Director,
State Resource Centre - Assam,
1- CD, Mandovi Apartments,
GNB Road, Ambari, Guwahati-781001
(Assam)

**Sub:** VETTING OF IEC MATERIALS ON LEGAL LITERACY COMPONENTS.

Ref.: Your letter no. SRC/170/97/654-56 dated 21.03.2016.

Dear Sir,

In inviting a reference to the subject as cited above, undersigned has the honor to state that the vetting of the IEC materials on legal literacy components in Nepali Language have been completed and are being returned herewith after minor modifications in sentence/word structuring and are shown in ink/pencil markings.

Rest of the IEC materials in Bengali language are also being carried out and are likely to be ready on or before 5th May'2016.

With best regards

Yours faithfully

Mridul K Saikia 29/4/2016
(Mridul Kr. Saikia)
Member Secretary i/c
Assam State Legal Services Authority

Encl:
As stated above.

04
30/4/16

# आँखा खुल्यो

## ( भारतीय नागरिकहरूको अधिकार एवं कर्तव्य )

### कानुनी साक्षरता शृंखला-1

साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकास मन्त्रालय
भारत सरकार

सत्यमेव जयते

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

**Akha Khulyoo :** This book is based on legal awareness for the neoliterates on Rights and duties of Indian citizen. This book is prepared by National Literacy Mission Authority and Department of Justice, Govt. of India, New Delhi. This book is translated and published by State Resource Centre Assam, 1-CD, Mandovi Apartments, GNB Road, Ambari, Guwahati-781001 (Assam)

March 2016 (1000)

| | | |
|---|---|---|
| मूल पुस्तक | : | आंखें खुल गईं |
| पुस्तक तयार पार्न कार्यशालामा सहयागीहरू | : | सन्तोष नेवार, सतीश कुमार थिङ्ग, भक्त प्रसाद ढकाल, रितम कुमार प्रधान |
| भारत सरकार न्याय विभाग विधि तथा न्याय मन्त्रालयको तर्फनबाट कार्यशालामा उपस्थित अधिकारीहरू | : | राजेश देउली, योजना अधिकारी, अड्शुल सक्सेना, योजना अधिकारी, गोविन्द वैश्य, राज्य संयोजक |
| प्रथम प्रकाशन | : | मार्च 2016 (1000) |
| प्रकाशक | : | राज्य स्रोत केन्द्र असम, माण्डवी एपार्टमेन्ट्स, जी एन बी रोड, आमबारी, गुवाहाटी–781001 |
| सम्पादन | : | अनुराधा बरूवा, प्रसन्न कुमार कलिता |
| मुद्रक | : | शराईघाट अफचेट प्राईभेट लिमिटेड बामुणीमेदाम, गुवाहाटी–21 |

# आभार

साक्षर भारत कार्यक्रम सितम्बर 2009 मा सुरू गरियो। कार्यक्रम अन्तर्गत देशको निम्न महिला साक्षरता दर 410 जिल्लाहरूमा सन्मिलित गरियो। साक्षर भारत कार्यक्रमको केन्द्र बिन्दु ग्रामीण इलाकाका महिलाहरू, अनुसूचित जाति, अनुसूचित जनजाति वर्ग औ अल्पसंख्यक समुदाय हो। कार्यक्रममा बुनियादी साक्षरताको साथै समतुल्यता कार्यक्रम, कौशल विकास औ शत-प्रतिशत शिक्षालाई जोडिएको छ।

साक्षरताले शिक्षार्थीहरूको दैनिक जीवनसंग अधिक जोडिएको औ रोचक बनाउने उद्देश्यले इन्टरपर्सनल मीडिया प्रचार प्रारंभ गरिसकेको छ। प्रचारमा जुन प्रमुख विषयहरू समावेश गरिएको थियो छ त्यसमध्ये कानुनी साक्षरता पनि एउटा प्रमुख विषय हो।

कानुनी साक्षरताको विषयमा सबैलाई जानकारी उपलब्ध गराउन कानुनी साक्षरता शृङ्खलाको निर्माण गरिएको छ। भारत सरकारको मानव संसाधन विकास मन्त्रालयको अधीनको राष्ट्रीय साक्षरता मिसन प्राधिकरण र विधि तथा न्याय मन्त्रालय (न्याय विभाग) को मातहतमा गुवाहाटीमा आयोजित कार्यशालामा असम (असमीया भाषा), त्रिपुरा (बाङ्ला भाषा)र सिक्किम (नेपाली भाषा) का विशेषज्ञ, लेखक तथा राज्य कानुनी सेवा प्राधिकारणको सहयोगमा कानुनी साक्षरता सामग्री तयार पारिएको हो।

कानुनी साक्षरता सामग्रीको निर्माणमा न्याय विभाग, न्याय मंत्रालय: भारत सरकार औ (A2J NE & JK) प्रकल्प प्रबन्धन समूहद्वारा तकनिकी सहयोग प्रदान गरिएको सामग्रीको अनुमोदन न्याय विभाग, न्याय मंत्रालय भारत सरकारद्वारा गरिन्छ। राष्ट्रिय साक्षरता मिशन प्राधिकरण सबै संस्था र विभागहरूप्रति आभार व्यक्त गर्दछ। आशा गरिन्छ यी सामग्री कानुनी साक्षरताप्रति जनसाधरणमा कानुनी जागरूकता ल्याउन सफल हुनेछ।

राष्ट्रिय साक्षरता मिशन प्राधिकरण
मानव संसाधन विकास मंत्रालय, नई दिल्ली

# हाम्रा दुई कुरा


स्रोत केन्द्र असमले थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरेर प्रकाशन गर्ने व्यवस्था गरेको छ। गुवाहाटीमा आयोजित लेख तयारी कार्यशालामा थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरिएको छ। अनुदित पुस्तिकाहरू असम राज्य कानुनी सेवा प्राधिकरणाद्वारा अनुमोदित भएका छन्। यसै अवसरमा कार्यशालामा सहभागी प्रत्येक व्यक्तिलाई धन्यवाद ज्ञापन गरिन्छ। आशा छ थी पुस्तिकाहरूलाई पाठकले स्वागत गर्ने।

समीरण ब्रह्म
निदेशक
राज्य स्रोत केन्द्र

# आँखा खुल्यो

गर्जमान फौजमा भर्ना भएको खबर सुनेर उसकी आमा डाँको छोड़ेर रून थालिन्। आमा रोएको सुन्नेबित्तिकै पिता लालमान र भाइ धनमान के भयो भनेर त्याँहा आइपुगे।

पश्चिम सिक्किमको देन्ताम खण्ड अन्तर्गत गैंह्री गाउँ निवासी लालमान थापा र उनकी पत्नी फुलमायाका दुइ छोराहरू गर्जमान र धनमान थिए।



आमाले रूंदै भनिन्–सारा गाउँमा कोही फौजमा गएको छैन। तँलाई भने किन फौजमा जानु पर्‍यो ?

गर्जमानले भन्यो – दिलीप भन्दा पहिले गाउँमा कोही डाक्टर नै बनिएको थिएन। अहिले उसले रोगीहरूको सेवा गरिरहेछ त। म पनि देशको सेवा गर्न चाहन्छु।

आमाले भनिन् – देशको सेवा गाउँमा बसे पनि गर्न सकिन्छ।

गर्जमानले भन्यो – आमा तिमीले सोचे जस्तै सबैले सोचे भने फौजमा को जान्छ ?

आमाले रूँदै छोरासंग गरेको वार्तालापको आवाज बाहिर पुग्यो। छिमेकी धनराज, पूर्ण बहादुर र धर्मसिंह पनि त्याहाँ देखा परे।

धनराजले सोध्यो – भाउज्यू के भयो ? किन रूनुहुन्छ ?

लालमानले भने – गर्जमान फौजमा भर्ना भयो।

पूर्ण बहादुर – अति राम्रो। मेरो छोरा राम बहादुरलाई पनि फौजमा भर्ना गरिदे।

धर्मसिंह – गर्जमान, तिम्रो पुर्ख्यौली खेतबारी छ। त्यो कसले हेर्छ ?



धनमान – काका, म र बाबु खेतीबारी गर्छौं। यही नै हाम्रो देश सेवा हुन्छ। हाम्रो देशको फौजलाई अन्न पनि त चाहिन्छ।

आमाले भनिन् – तपाईंहरू सबै गर्जमान फौजमा गएको हेर्न चाहनु हुन्छ होइन ? मेरो छोरालाई केही भएमा यसको जिम्मेवारी को हुनेछ ?

धनराजले भने – भाउजु, सबै आमा यसरी डराए फौज कसरी बनिन्छ ?

पूर्ण बहादुरले भने – भाउजु, सुख–शान्तिले बाँच्नु हाम्रो



अधिकार हो। फौजीहरूको कारणले नै हामी आनन्दले जिउन सक्छौं। फौजीहरुले देशको रक्षा नगरे हाम्रो सुख–शान्ति नष्ट भएर जान्छ।


धनमान – एकदम ठीक। देशको रक्षा गर्नु प्रत्येक नागरिकको कर्तव्य हो। फौजमा भर्ना भएर देशको सेवा गर्ने सपूतहरू हामीलाई चाहिन्छ। संकटको बेला देशको निम्ति त्याग र वलिदान दिन तयार रहन पर्छ।

गर्जमानका पिताले भने – यो सत्य हो। अधिकार संगै हाम्रो कर्तव्य पनि हो। गर्जमानकी आमा, छोरोलाई खुसी–खुसी विदा गर। उसको इच्छालाई कमजोर नबनाऊ।

## नागरिकको कर्तव्य

अधिकार र कर्तव्य एक अर्कामा गहिरो सम्वन्ध छ। जहाँ अधिकार त्यहाँ कर्तव्य। संविधानमा अधिकारसंग कर्तव्य जोड़िएको छ। मुख्य कर्तव्य यसप्रकार छन् :-

1. संविधानलाई पालन गरौं। संविधानमा भनिएका नियमहरू पालन गर्नु प्रत्येक नागरिकको कर्तव्य हो। संविधानको आदर्श, संस्था, राष्ट्रिय झण्डा अनि राष्ट्रिय गानालाई आदर गरौं। अर्थात जब राष्ट्रिय गान (जन गण मन गाना) गाँउदा वा राष्ट्रिय झण्डा फरफराउँदा उसको सम्मानको निम्ति सावधान अवस्थामा खडा हुनुहोस्।



* जहिले पनि झण्डा फरफराउँदा, झण्डा, सफा हुनुपर्छ। मैला वा फाटेको हुनुहुँदैंन।
* यदि झण्डाको टुक्रा बाटो-घाटोमा कहीं देखियो भने

उठाएर ससम्मान कुनै खाड़लमा माटोले पुरी दिनु पर्छ। खुट्टाले नकुल्चियोस।

* संसद, विधानसभाद्वारा बनाएको नियम कानुनलाई पालन गर्नुहोस्।

2. देशको एकता र अखण्डतालाई बनाई राखौं।

देशको नागरिकको कर्तव्य हो, देशको एकतालाई एक सूत्रमा बाँध्नु। स–सानो कुरालाई लिएर आपसमा झैं–झगडा नगरौं। धर्म, भाषा, प्रदेश, सम्प्रदाय व वर्गभेदको संकुचित भावना त्यागौं। भाइचारा र एकताको भावनाको विकास गरौं। देशको संप्रभूतालाई रक्षा गरौं।

3. देशको रक्षा गरौं :

देशको रक्षा गर्नु प्रत्येक नागरिकको कर्तव्य हो। फौजमा भर्ना भएर देशको सेवा गरौं। संकटको समयमा देशको रक्षा र सेवा गरौं। संकटको समयमा देशको रक्षाको निम्ति हर तरह त्याग्न तयार रहौं। देशमा शान्ति अनि व्यवस्था बनाई राख्न सहयोग प्रदान गरौं।

4. समरसता अनि समान भ्रातृत्व भावना :

भारतका सबै मानिसहरूमा समरसता अनि समान

भ्रातृत्वको भावनाको निर्माण गरौं। धर्म, भाषा अनि प्रदेश वा वर्गमा आधारित सबै प्रकारको भेद–भावमा परेको छ। यस्तो प्रथालाई त्यागौं जसले स्त्रीहरुको सम्मानको विरोध गर्दछ।

5. आदर्शलाई पालन गरौं :

स्वतन्त्रताको निम्ति हाम्रो राष्ट्रिय आंदोलनलाई प्रेरित गर्ने उच्च आदर्शलाई हृदयमा राखौं अनि पालन गरौं।

6. गौरवशाली परम्पराको संरक्षण :

हाम्रो सामाजिक संस्कृतिको गौरवशाली परम्पराको महत्व सम्झौं अनि संरक्षण गरौं।

7. पर्यावरणलाई रक्षा गरौं :



प्राकृतिक पर्यावरण जसमा वन, झील, नदी वन्य जीव–जन्तु सामेल छन, तिनको रक्षा गरौं। सबै प्राणीहरूमा दयाको भाव

राखौं। रूख–पात, जल, वायु यी सबै शुद्ध भए पर्यावरण शुद्ध रहन्छ। मानवजातिको रक्षा हुन्छ। प्राकृतिक संसाधनलाई किफायती ढंगमा उपयोग गरौं। यसको उपयोग अंधाधुंध नगरौं।

८. वैज्ञानिक दृष्टिकोण :



वैज्ञानिक दृष्टिकोण मानववाद औ ज्ञानार्जन तथा सुधार को भावनाको विकास गरौं। कुरीतिहरु कुप्रथाहरु एवं गलत परम्पराहरु त्यागौं। स्वस्थ परम्परालाई अपनाऔं। ज्ञान बढ़ाउने अनि विकासको निम्ति प्रयास गरौं। सबैप्रति मानवीय दृष्टिकोण अपनाऔं।

९. सामूहिक गतिविधिलाई बढावा दिऊँ:

यस्तो व्यक्तिगत अनि सामूहिक गतिविधिलाई बढाऊँ वा सहभागी बनौं जसले व्यक्ति अनि देशको विकास होस्।

11. सार्वजनिक संपत्तिको रक्षा गरौं :

सार्वजनिक सम्पतिको सुरक्षा गरौं अनि हिसांबाट टाढा रहौं। यदि कसैले सार्वजनिक सम्पत्ति जस्तै–बस, घर आदिको कुनै व्यक्तिले नोकसान गर्न खोजेमा रोक्ने कोशिश गरौं।

12. नानीहरुलाई शिक्षाको अवसर प्रदान गरौं।

यदि माता–पिता वा संरक्षक छ भने छ वर्षदेखि चौध वर्ष सम्मको आयु हुने बाल–बालिकालाई शिक्षाको अवसर उपलब्ध गराऔं।

**अन्य कर्तव्य :**

* नागरिकको हितको निम्ति तथा कानुन व्यवस्था बनाई राख्नको निम्ति राज्यले कानुन बनाउँछ। अतः नागरिकले सबै कानुनलाई पालन गरौं।
* विभिन्न विकास कार्य व कल्याणकारी योजनाको निम्ति धनको आवश्यकता हुन्छ। यसको निम्ति राज्यले कर (टैक्स) लागू गर्छ। नागरिकको कर्तव्य हो ईमानदारीसहित समयमा  नै कर भुक्तानी गरौं।

* प्रजातन्त्रमा जनताको शासन हुन्छ शासन चलाउनको निम्ति जनताको प्रतिनिधिको चुनाव गराइन्छ। तिनीहरु मिलेर सरकार बनाउँछन। नागरिक बिना लालच मतदान गरौं।

* सार्वजनिक पदमा नियुक्त भएमा सेवाको भावनामा आफ्नो कर्तव्यको पालन गरौं। बिना पक्षपात राष्ट्रको हितमा काम गरौं।

नागरिकको स्वयं आफ्नो प्रति, आफ्नो परिवार छिमेकी व समाजको प्रति पनि कर्तव्य हुन्छ। अतः प्रत्येक नागरिकको कर्तव्य हो कि उनले आफ्नो शारीरिक, मानसिक व आर्थिक विकासको निम्ति प्रयास गरौं। आफ्नो परिवारलाई सुखी बनाऔं। अफ्नो परिवार, गाँउ, समाज र नगरको हितमा कार्य अनि सहयोग प्रदान गरौं।

## नागरिकको मौलिक अधिकार

देशलाई सुचारु रुपले संचालन गर्नका निम्ति केहि नियम कानुन बनाइएको छ। यी नियम–कानुनलाई एउटा किताबमा लेखिएको छ। यसलाई भारतीय संविधान भनिन्छ। सन् 1950 26 जनवरी, स्वतन्त्रता प्राप्तिपछि भारतको संविधान लागु गरिएको हो। यस अन्तर्गत हामीलाई धेरै अधिकारहरु दिइएको छ। यस अधिकारको रक्षाको जिम्मेवारी सरकारको हो। देशको रक्षा, एकता र अखण्डतामा कुनै खतरा देखा परे यस अधिकारको कटौती गर्न सकिन्छ। हाम्रो मौलिक अधिकार यस प्रकारको छः।

### 1. समानताको अधिकार :

भारतको प्रत्येक नागरिक कानुनको नजरमा समान छ। धर्म, जाति, वंश, भाषा, लिंग वा जन्मस्थानको आधारमा नगारिकहरूको माझमा कुनै प्रकारको भेदभाव गर्न

सकिंदैन। भारतमा रहिआएका विदेशी नागरिकलाई पनि समानताको अधिकार दिइएको छ।

कुनै पनि सरकारी नौकरीमा धर्म, जाति, जन्म, स्थान, वंश, भाषा र लिगंको आधारमा भेदभाव गर्न सकिंदैंन। छुआछुतको व्यवहार गरेमा सजाय पाइन्छ।


संविधानको तहत राज्य सरकारले स्त्रीहरु, नानीहरू, सामाजिक एवं शैक्षणिक रुपमा पछौटे मानिस, अनुसूचित जाति, व जनजातिको समानताको निम्ति विशेष कानुन बनाउन सकिन्छ।

सरकारले राज्य सेना वा शिक्षा संबन्धी उपाधिहरु दिन सक्छ।

## 2. स्वतंत्रताको अधिकार :

कुनै व्यक्ति भारतको जम्मू-काश्मीर छोडेर संघ बनाउन, कुनै पनि भागमा वसोवास, आफ्नो इच्छानुसार

कारोबार गर्नको निम्ति आजाद छ। तर तिनका कुनै पनि काम समाज विरूद्ध हुनुहुँदैन। देशको सुरक्षा एकता, अखण्डता को नुकसान पार्ने काम गर्न हुँदैन। सांप्रदायिक शत्रुता फैलाउने काम गर्न हुँदैन।



### 3. शोषणको विरूद्ध अधिकार :

* चौध वर्षदेखि कम उमेर नानीहरुलाई कारखाना, खानीका जोखिमपूर्ण काममा लगाउनु हुँदैन।
* कुनै मानिसलाई किन–बेच गर्न पाँइदैन।
* कुनै पनि व्यक्तिलाई उसको इच्छाको विरुद्ध जबरजस्ति काम काज गराउन सकिंदैन।




* कुनै पनि मानिसलाई बिना पैसामा काम गरउनु हुँदैन।

* शोषण घोर अपराध हो।

**4. धार्मिक स्वतंत्रताको अधिकार :**

* प्रत्येक नागरिक ले कुनै पनि धर्म मान्ने, पालन गर्नमा आजाद छ।

5. संस्कृति एवं शिक्षा संबन्धी अधिकार: प्रत्येक नागरिकले आफ्नो भाषा, लिपि, अनि संस्कृति जगेर्ना गर्नमा अजाद छ। यसको विकास र प्रचार गर्ने अधिकार छ। सरकारी

अर्थमा चल्ने विद्यालय, कलेजमा धर्म, जाति, भाषा, जन्मस्थान वा वंशको आधारमा कसैलाई पनि प्रवेश गर्नमा इनकार गर्न सकिंदैन।

**6. संवैधानिक उपचारहरु ( मौलिक अधिकारहरुको रक्षा ) को अधिकार :**

* यदि कसैले तपाईंको अधिकारलाई हनन गर्छ भने, आफ्नो अधिकारको रक्षाको निम्ति तपाई उच्च न्यालालयमा जान सक्नुहुन्छ। मौलिक अधिकार रक्षा गर्न न्यायालयको कर्तव्य हो।
* कुनै पनि व्यक्ति अपराध वा दोषी तबसम्म हुँदैन जबसम्म तिनले कानुनको उल्लंघन गर्दैन।
* कानुनले जो सजाय तय गर्छ त्यो भन्दा अधिक सजाय कसैलाई दिन सकिंदैन।
* कानुनको जानकारी नहुने कुनै बहाना वा तर्क छैन।

* मौलिक अधिकारको हनन भएमा न्यायालयले मुआवजा दिनलाई आदेश दिन सक्छ।
* न्यायालयले प्रदूषण फैलाउने कारखानालाई बन्द गर्न सक्छ।
* सर्वोच्च न्यायालयको फैसला लागू हुनु जरुरी हो। उनको विरूद्ध अपिल गर्न सकिंदैन।

# प्रकाशित पुस्तिकाहरू

१)   आँखा खुल्यो

२)   कुरा मिल्यो

३)   मायाको पाठशाला

४)   मर्यदाको प्रश्न

५)   सुचनाको अधिकार ऐन 2005

६)   आशाको करिण

७)   अब कोही णोको नरहोस

८)   अत्याचारको अन्त

९)   रमेशले न्याय पायो

१०) हाम्रो जंगल हाम्रे धरोहर

११) भारत सरकारका प्रमुख योजनाहरू

Saakshar Bharat


STATE RESOURCE CENTRE ASSAM
1-CD, Mandovi Apartments, GNB Road
Ambari, Guwahati-781001
E-mail-srcassam@hotmail.com



A2J (NE&JK)
Copies .......